उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ८ मितिः २०७५/०८/०६

**भाग-२**

**उत्तरगया गाउँपालिका**

## उत्तरगया गाउँपालिका मर्मत सम्भार विशेष कोष सञ्चालन सम्बन्धी कार्यविधी, २०७५

### १) संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधीको नाम “उत्तरगया गाउँपालिका मर्मत सम्भार विशेष कोष सञ्चालन सम्बन्धी कार्यविधी, २०७५” रहेको छ ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वकिृत भएपछि लागू हुनेछ ।

### २) परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

(क) “ऐन” भन्नाले “स्थानिय सरकार सञ्चालन ऐन, २०७४” लाई सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले मर्मत सम्भार विशेष कोष लाई सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले उत्तरगया गाउँपालिका लाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम सञ्चालन हुने गाउँ सभा लाई सम्झनु पर्दछ ।

(ङ) "स्थानिय तह" भन्नाले जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका लाई सम्झनु पर्दछ ।

(च) "कर्मचारी" भन्नाले उत्तरगया गाउँपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उत्तरगया गाउँ कार्यपालिका कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश मन्त्रालय तथा प्रदेश मन्त्रालय" भन्नाले प्रदेश नं. ३ को मन्त्रालय लाई सम्झनु पर्दछ ।

(झ) "पूर्वाधार" भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पाक, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक र सास्कृतिक सम्पदालाई सम्झनु पर्दछ ।

## ३) कार्यविधीको उद्देश्य

यस कार्यविधिको प्रमुख उद्देश्य उत्तरगया गाउँपालिका भित्र रहेका सामाजिक प्रर्वाधार खानेपानि, सिचाई, घोरेटोबाटो, सडक, कल्र्भट, विद्यालय भवन, खेलमैदान, सामुदायीक भवनहरुको मर्मत तथा निर्माण गर्ने, खर्चको नियन्त्रण गर्नको लागि लागत अनुमान तयार गरी खर्च एकिन भएमा आयोजना लाई कार्यन्वयन गर्न उपभोक्ता समिति गठन गरी कार्यन्वयन गर्नुपर्छ ।

## ४) कोषको स्थापना र खाता सञ्चालन

(क) स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा व्यबस्था भए अनुसार विशेष कोष स्थापना गरिएको छ । उक्त रकम गाउँपालिकाको खातामा रहने छ । उक्त रकम खर्च गर्नलाई समुदायको माग आधार योजनाको लागि निवेदन र लागत अनुमान सम्झौता अनुसार जाँचपास गरी भुक्तानी गरिने छ । साथै गाउँपालिकाले तोके बमोजिम विल र्भपाई र काम हुने छ ।

## ५) कोषको प्रयोग

(क) यस कोषको रकम देहाय बमोजिम कामको लागि प्रयोग गर्न सकिनेछ ,

१) आकस्मिक भई परी आउने काम आयोजना

२) सार्वजनिक बाटो, पुल, खानेपानी, सिंचाई, कल्र्भट, खेलमैदान, सामुदायीक भवन मर्मत अन्य सार्वजनिक प्रतियोगिता खेलमैदान विद्युत लाइन विस्तार सास्कृतिक धार्मिक आदि ।

(ख) रकम अभाव भई सञ्चालित कार्यक्रमहरुका प्रत्यक्ष असर पर्ने अवस्था भएमा ओचित्य हेरी नपुग रकमका लागि गाउँपालिकामा आवश्यक व्यवस्थापन लागि प्राविधिकले सिफारिस गर्न सक्नेछ ।

(ग) एक आर्थिक वर्षमा खर्च हुन नसकी वाँकी रहेको रकम आगामी वर्षको वजेटमा भुक्तानी दिने गरी समावेश गर्नुपर्नेछ ।

(घ) विशेष कोष बाट सञ्चालित योजनाहरुको अनगमन तथा भुक्तानीको सम्पूर्ण प्रकृया गाउँपालिकाको अन्य योजना सरह नै हुनेछ ।

(ङ) यस कार्यक्रम अन्तरगत सञ्चालित स. साना कार्यक्रमहरु पनि सम्पन्न भएपछि समयमानै जाचँपास गरी त्यसको फरफारक गराउनु पर्नेछ ।

**६) संसोधन र बचाउ**

(क) यस कार्यविधीमा उल्लेखित कुराहरुमा कुनै संसोधन गर्नु परेमा सम्बन्धीत प्रचलित ऐन नियमको परिधिभित्र रही गाउँपालिकाले गर्न सक्नेछ । यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(ख) सबै योजना गाउँ कार्यपालिका र गाउँ सभाबाट अनुमोदन गर्नुपर्ने ।

**७) समितिको गठन तथा कोषको व्यवस्थापन**

(क) भौतिक अवस्थाको विवरण संकलन प्राप्त विवरणको लेखाजोखा तथा छलफल गर्नुपर्नेछ ।

(ख) प्रारम्भिक लगत अनुमान र प्राथमिकिकरण गर्नुपर्नेछ ।

(ग) विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी गर्नुपर्नेछ ।

(घ) समितिबाट योजना सहितको कार्यक्रमको तयारी गर्नुपर्नेछ ।

(ङ) योजना शाखाबाट निरिक्षण र उपभोक्ता समितिहरु गठन गर्नुपर्नेछ ।

(च) विकास कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

(छ) कार्यान्वयन व्यवस्थापन तथा सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(ज) अनुगमन तथा मूल्याङकन र पृष्ठपोषण गर्नुपर्नेछ ।

(झ) कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(ञ) समिक्षा गर्नुपर्नेछ ।

(ट) औचित्य र वजेटको सीमा भित्र रही सिफारिस गर्नुपर्नेछ ।

आज्ञाले,

वसन्त बहादुर खत्री

प्रमुख प्रशासकीय अधिकृत